# पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

## पाटन, बैतडी

### बार्षिक नीति तथा कार्यक्रम

### आ.व.०८१।०८२

मिति २०८१।०३।१० गते नगरसभामा पाटन नगरपालिकाका नगर प्रमुख गौरी सिंह रावलज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात पाटन नगरपालिकाको दोस्रो जन निर्वाचित सरकारको पाचौं गरिमामय नगर सभामा उपस्थित पाटन नगरपालिकाका उपप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर सभाका सदस्यज्यूहरु,
उपस्थित राष्ट्रसेवक कर्मचारीहरु,

सञ्चारकर्मी मित्रहरु,

यस पाटन नगरसभाको पाचौं अधिबेशनको पहिलो बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । पाटन नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

सर्वप्रथम, नेपाली जनतालाई राजनीतिक स्वतन्त्रता र अधिकार दिलाउदैं मुलुकलाई आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा ल्याइ पुऱ्याउने क्रममा विभिन्न कालखण्डका जनआन्दोलनमा आफ्नो जीवनको आहुति दिनु हुने, हाम्रो बैतडी जिल्लाका अमर शहीद दशरथ चन्द लगायत सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।संघर्षको दौरानमा घाइते, अपांग र बेपत्ता पारिएका वीर योद्धा तथा पिडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा ल्याउन विविध क्षेत्रबाट योगदान पुऱ्याउन हुने आदरणीय अग्रज नेतृत्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीको सुन्दर नगरी पाटन नगरपालिकाको स्थापना वि.सं.२०७१ मंसिर १६ गते भएको हो ।साविकका ९ वटा गाविसहरु पाटन, भूमेश्वर, गुजर, बसन्तपुर, कैलपाल, सकार, सिलंगा, सिद्धपुर र सिद्धेश्वरको समायोजनबाट बनेको यस नगरपालिकाको क्षेत्रफल २१९.२५ वर्ग किलोमिटर कायम भएको छ। प्रशासनिक रुपमा १० वटा वडामा विभाजित यस पालिकाभित्र विभिन्न धार्मिक, पुरातात्विक एवं पर्यटकीय स्थलहरु रहेका छन् । साथै परम्परा देखि चल्दै आएका विभिन्न चाडपर्व, जात्रा, मेला मनाउने प्रचलन रही आएको छ । मध्यपहाडी लोकमार्गमा पर्ने यो पाटन नगरपालिका नेपाल सरकारबाट छनोट भएका १० वटा नमुना शहर मध्येको एक नमुना शहर हो ।यस क्षेत्रमा विविधतायुक्त हावापानीका कारण विविध किसिमको कृषि तथा पशु उपज उत्पादन हुने प्रचुर सम्भावना रहेको छ ।

नगर प्रमुख

अब म यस पाटन नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नगरकार्यपालिका बाट पारित भई आएको नीति तथा कार्यक्रम यस गरिमामय नगर सभामा पेश गर्दछु ।

१. आर्थिक विकास क्षेत्र तर्फः

क) कृषि तथा पशुः

- यस नगरपालिकाको विविधतापूर्ण हावापानी अनुसार बाली उत्पादन पकेट क्षेत्रको पहिचान गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- कृषक सुचीकरण कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । किसान वर्गीकरण गरी अनुदान परिचालन गरिने छ ।
- अनुदानलाई उत्पादनमा आधारित बनाइने छ ।
- कृषकहरुको क्षमता अभिवृद्धि गर्न र कृषि विकास तथा प्रसार कार्यक्रमलाई थप प्रभावकारी बनाउन कृषि समूह तथा सहकारीलाई स्थलगत तालिम सञ्चालन गरिने छ ।
- कृषकसंग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न कृषि प्राविधिकहरुलाई कृषि स्वयंसेवकको रुपमा परिचालन गर्न आवश्यक पहल गरिनेछ ।
- कृषि यान्त्रीकरणमा ५० प्रतिशत अनुदान प्रदान गरिने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।
- साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषकले उत्पादन गरेको फसल बजारीकरण गर्न आवश्यक सहजीकरण गरी कृषकलाई बजारको पहुँचमा पुर्‍याउन पहल गरिने छ ।
- माटो सुहाउदो खेती सिफारिस गर्न माटो परीक्षण प्रयोगशाला शिविर सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- कृषकहरुलाई रसायनिक मलको अभाव हुन नदिन प्रत्येक वडामा एक एक वटा कृषि सहकारी संस्थाहरुलाई रसायनिक मलको कारोवार गर्न प्रोत्साहित गरिने छ ।
- कृषिमा प्राकृतिक प्रकोपबाट हुने नोक्सानी तथा जोखिम कम गर्न कृषि बिमा गराउनका लागि कृषकहरुलाई प्रोत्साहित गरिने छ ।
- कृषिमा आधारित अर्थतन्त्रलाई थप मजवुत बनाउन तथा पशुपालन, दुग्ध उत्पादन, मासु तथा अण्डा उत्पादन गरी ग्रामीण अर्थतन्त्रलाई मजवुत बनाउदै पशुपालन व्यवसायलाई सम्मानजनक र नाफामुखी व्यवसायका रुपमा विकास गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिने छ ।

नगर प्रमुख

- विश्वव्यापी रुपमा देखा पर्ने लम्पी स्किन, खोरेत रोग जस्ता पशु रोगहरु तथा महामारीबाट हुने नोक्सानी लाई न्यूनीकरण गर्न प्राविधिक जनशक्तिको परिचालन गर्दै घुम्ती शिविरहरु सञ्चालन गरिने छ ।
- वन्यजन्तुको क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।
- परम्परागत मौरी पालन कृषकहरुलाई सो पेशामा आत्मनिर्भर बनाउन आधुनिक प्रविधि सहितको मौरी पालन गर्न प्रोत्साहनका लागि साझेदारी कार्यक्रमका लागि बजेटका लागि पहल गरिनेछ ।
- पाटन नगरपालिकाका भित्र भैसि पालनको सम्भाव्यता भएका क्षेत्रमा वृहत भैसि पालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- पाटन नगरपालिकाका भित्र खानेपानीका मुलहरु सुक्दै गइरहेकोले खानेपानी तथा सिंचाई आपूर्तिका लागि लिफ्टिङ्ग प्रविधिलाई प्राथमिकता दिईनेछ ।
- स्थानीय नदि खोलामा जथाभावी बिषादी प्रयोग गरि माछा मार्ने कार्यमा संलग्न व्यक्तिहरुलाई कानुन अनुसार कार्वाही गरिने छ ।साथै स्थानीय खोलामा माछा उत्पादन बढाउन माछाका उपयुक्त जातका भुरा राख्न आवश्यक व्यवस्था गरिनेछ ।
- व्यवसायिक कफि खेती प्रवर्द्धन गर्न संघिय तथा प्रदेश सरकार संग साझेदारी कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

ख) प्रधानमन्त्री रोजगार कार्यक्रमः

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउन नगरपालिकाका कार्यक्रमहरु सँग अनिवार्य साझेदारी गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- यस कार्यक्रमको ई.एम.आई.एस. मा सुचीकृत भई स्वीकृत गरिएका कामदारहरुलाई मात्र आयोजनाहरुमा सहभागी गराईने व्यवस्था कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारीका लागि बिदेश जान चाहने व्यक्तिहरुले अनलाईन निवेदन भर्ने कार्यलाई सहज एवं प्रभावकारी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ग) लघु उद्यम विकास तर्फ

- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तता दिईनेछ ।
- सीपयुक्त जनशक्तिलाई पालिका स्तर भित्रै उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिने छ ।
- सीपयुक्त जनशक्तिलाई बजारको माग र आपूर्तिसँग जोडेर बेरोजगारी समस्या न्यूनीकरण गरिनेछ।

नगर प्रमुख

- उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाउनका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकामा रहेका युवा जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिहरुलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ ।
- रोजगारीका क्षेत्रमा युवा जनशक्तिलाई आकर्षक गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारीताका साथ संचालन गरि सीपयुक्त जनशक्तिको पालिका भित्रै उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- एक गाउँ एक उत्पादन तथा एक घर एक रोजगार नीति अवलम्बन गरिनेछ ।
- लघु घरेलु तथा साना उद्योग व्यवसायहरुको तथ्याङ्क संकलनबाट आवश्यकता र समस्याहरुको पहिचान गरि भावी रणनीति तय गरिनेछ ।
- स्तरोन्नति तर्फका लघु उद्यमीहरुलाई पुनः निरन्तरता दिईनेछ ।

**२. सामाजिक विकास तर्फः**

क) शिक्षाः

- विद्यालयमा सूचना सञ्चार प्रविधि, विज्ञान प्रयोगशाला र पुस्तकालयहरुको आवश्यक व्यवस्था मिलाइने छ ।
- गुणस्तरीय शिक्षामा जोड दिनका लागि नगर स्वंयमसेवक शिक्षकहरु तथा बालबिकास शिक्षकहरुका लागि अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइने छ।
- विद्यालयमा छात्राहरुको नियमित उपस्थिति गराउन, स्वच्छ र सफा विद्यालय राख्नका लागि निशुल्क सेनिटरी प्याड कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रविधि मैत्री शिक्षामा जोड दिनका लागि प्रत्येक विद्यालयहरुमा इन्टरनेट सेवालाई थप प्रभावकारी बनाइने छ ।
- सामुदायिक विद्यालयहरुको खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्थालाई सुधार गरिने छ ।
- सिकाइलाई निरन्तरता दिन वैकल्पिक माध्यमबाट समेत पठन पाठनमा जोड दिइने छ ।
- गुणस्तरीय शिक्षाको लागि विषयगत तालिम, कार्यशाला, गोष्ठी, आदिका माध्यमबाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु, तथा अभिभावकहरुको विषयगत रुपमा क्षमता अभिबृद्धि गरिने छ ।

नगर प्रमुख

- शिक्षकहरुको क्षमता अभिबृद्धिको लागि विज्ञ शिक्षकहरुको समूह बनाइ शिक्षकहरुको कक्षाकोठा अवलोकन तथा नमूना पाठ प्रदर्शनको व्यवस्था मिलाइने छ।
- विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ ।
- सामुदायिक विद्यालयहरुको दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनको उपभोग गर्न प्रोत्साहित गरि थप प्रभावकारी बनाइने छ ।
- वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन दिने नीति लिइने छ ।
- आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित, स्वच्छ र व्यवस्थित गरिने छ ।
- शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुमा भौतिक पूर्वाधार, खानेपानी, शैक्षिक व्यवस्थापन लगायतका कार्यहरुमा विशेष जोड दिइने छ ।
- विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि पढाईका साथ साथै अतिरिक्त क्रियाकलापहरु संचालन गर्न जोड दिईनेछ ।
- टुहुरा, जेहेन्दार विद्यार्थी र शहिद, बेपत्ता तथा घाइते परिवारका विद्यार्थीहरुलाई वार्षिक रुपमा एकमुष्ठ स्टेसनरी तथा छात्रवृती प्रदान गरिने छ ।
- सिकाइको निरन्तरता र प्रभावकारीताको लागि बिपन्न विद्यार्थीहरु, दलित विद्यार्थी र छात्राहरुलाई छात्रवृती प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालय स्तरीय तथ्याङ्क (IEMIS) लाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।
- हरेक विद्यार्थीलाई बचत गर्ने बानीको विकास गर्न पालिका भरिका विद्यालयमा अध्यनरत विद्यार्थीहरुको निशुल्क बचत खाता संचालन गर्न बैंकहरुसंग समन्वय गरिनेछ।

ख) स्वास्थ्य:

- सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गर्दै स्वस्थ नागरिक समृद्ध पाटन भन्ने मूल नाराका साथ मातृशिशु तथा बाल स्वास्थ्य सेवामा सुधार, महामारी, सर्ने तथा नसर्ने रोगहरु नियन्त्रण, मानसिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य प्रवर्द्धन लगायतका कार्यक्रममा जोड दिई तोकिएका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न आवश्यक कार्यहरु गरिनेछन ।
- किशोर किशोरी मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै तोकिएका मापदण्ड पुरा गरी प्रमाणीकरणमा जोड दिनका साथै १० वटै वडामा रहेका स्वास्थ्य संस्थाबाट परिवार नियोजनका ५ वटै साधनहरुको उपलब्धताको सुनिश्चितता गरिने छ ।

नगर प्रमुख

- स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारका भवन, औजार र आवश्यक उपकरण सहित नियमित औषधी आपुर्ती गर्न आवश्यक व्यबस्था गरिने छ ।
- सबै स्थास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवालाई थप प्रभावकारी बनाई प्रतिवेदन तथा भण्डार सम्बन्धी कार्यहरु अनलाईन मार्फत गरिने छ। साथै स्मार्ट/डिजिटल हेल्थ सर्भिसलाई सुरु गर्न आवश्यक पहल गरिनेछ ।
- चिकित्सकीय तथा प्रयोगशाला सेवा र गर्भवती महिलाहरुका लागि ग्रामिण अल्ट्रासाउन्ड सेवा सबै वडा सम्म निशुल्क प्रदान गर्न स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- पूर्ण खोप पालिका सुनिश्चिततालाई निरन्तरता दिदै पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा, पोषणमैत्री नगरपालिका घोषणा पूर्व तयारीका लागि आवश्यक पहल गरिने छ ।
- बहुक्षेत्रीय पोषण योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नुको साथै नेपाल सरकारको तेस्रो बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको लागी लक्षित वर्ग पहिचान गरि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।
- पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्दै आगामी २ वर्ष भित्र पाटन नगरपालिका वडा नं १ लाई पोषण मैत्री वडा घोषणा गरीनेछ र साथै पोषण मैत्री स्वास्थ संस्था घोषणा गर्न उन्मुख वडा न ८ र ९ लाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गरीनेछ । साथै अरु वडाहरुमा पनि पोषण मैत्री वडा घोषणाको सूचकहरु पुरा गर्न उन्मुख गरीनेछ।
- सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधार का लागि नगर प्रमुख, नगर-उप प्रमुख तथा वडा अध्यक्षको कोशेली कार्यक्रम लागु गरिने छ ।
- पालिका स्तरीय पोषण प्रोफाइल तयार गरिने छ ।
- स्वास्थ्य बिमालाई प्रभावकारी बनाई स्वास्थ्य सेवामा सबैको पहुच पुर्‍याउन आवश्यक पहल गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाइ प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिनुका साथै नसर्ने रोगहरुको गाउँ घरमै जाचँ, उपचार र परामर्श सेवा संचालन गरिनेछ ।
- आयुर्वेदिक स्वास्थ्य सेवा तथा योग अभ्यास कार्यक्रम लागु गर्न आवश्यक पहल गरिनेछ ।
- पाटन र खोडपे बजारमा खुला व्यायाम स्थल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्य सम्बन्धी नीति, ऐन, कानुन तयार गर्न आवश्यक पहल गरिनेछ ।

ग) युवा तथा खेलकुद तर्फः

- युवा लक्षित कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- युवालाई उत्पादनसँग जोड्दै विभिन्न कार्यक्रमहरुमा सहभागि गराइने छ ।
- प्रत्येक माध्यमिक विद्यालयका एक जना शिक्षकलाई खेलकुद शिक्षकको जिम्मेवारी दिई खेलकुद सम्बन्धि आधारभूत तालिम प्रदान गरिने छ ।
- नगरपालिकाले खेलकुद र खेलाडीहरुको विकास गर्न, विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गरिनेछ ।
- नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप प्रभावकारी र व्यवस्थित गरिने छ ।

**घ) महिला, दलित, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः**

- हिंसाका घटनाहरुलाई व्यवस्थापन गर्न मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- लैङ्गिक हिंसा राहत कोष र महिला सुरक्षा आवास गृह सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइने छ ।
- संघ र प्रदेश सरकारसँग समन्वय गरी हिंसामा परेका महिलाहरुको उद्दार र पुर्नस्थापनाका लागि सेफ हाउस सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिंसा एवं घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार वालवालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र वालवालिकाको संरक्षण, बचाउ, विकास र सभागितामा जोड दिइनेछ ।
- महिलाको आय-आर्जनमा अभिवृद्धि गर्न उद्यमशील तथा सीपमूलक कार्यक्रम संचालन गरिने छ।
- दलित, विपन्न समुदाय तथा अपाङ्गताका लागि सीप विकास तथा क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्वोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण एवं पिडित महिलाको लागि संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई "जेष्ठ नागरिक परिचय पत्र" उपलब्ध गराई नेपाल सरकारबाट प्राप्त हुने सेवा, सुविधा र सहुलियत प्राप्त गर्न सहजीकरण गरिनेछ ।
- दलित, एच.आई.भी. एड्स प्रभावित, यौनिक अल्पसंख्यक, आदिवासी जनजाती, मुक्त हलियाहरुका लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ ।

नगर प्रमुख

- परिचयपत्र प्राप्त मुक्त हलियाहरुलाई पुनर्स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजनालाई लागत साझेदारी मार्फत निरन्तरता दिईने छ।
- अनाथ, असहाय, टुहुरा वालवालिकालाई विभिन्न संघ संस्थाहरुको साझेदारी एवं नगरपालिकाको तर्फवाट शैक्षिक कार्यक्रम तथा छात्रवृत्ति उपलब्ध गराउन पहल गरिने छ ।
- लैङ्गिक हिंसा प्रभावितहरुलाई पुन:स्थापित गर्न लैङ्गिक हिंसा राहत कोषमा, पालिका स्तरमा हुने विकास बजेट (योजना) बाट १% (प्रतिशत) रकम कट्टि गरि जम्मा गर्ने कानुनी व्यवस्था मिलाईनेछ ।
- विकास निर्माण तथा अन्य गठित हुने उपभोक्ता समितीमा महिलालाई मुख्य जिम्मेवारी पदमा चयन गर्न प्रोत्साहन गर्ने विगतको कार्यलाई निरन्तरता दिईनेछ ।
- उपलब्ध भएको स्थानमा गठित हुने उपभोक्ता समिती गठन गर्दा उपलब्ध भएको स्थानमा दलित समुदायबाट मुख्य जिम्मेवारी पदमा चयन गर्न प्रोत्साहन गरिनेछ ।

ङ) कला, संस्कृति र पर्यटनः

- यस नगरपालिका अन्तरगत रहेका विभिन्न धार्मिक, पर्यटकीय, साँस्कृतिक तथा आध्यात्मिक क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य गरिने छ ।
- हिरापुर पार्कको निर्माण कार्य सम्पन्न गराई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक समन्वय र सहकार्य गरिने छ ।
- बनारसी, बिश्वनाथ धाम, स्वर्गेनी पिपल, रामेश्वर धाम र पाताल भुवनेश्वर गुफा लगायतका धार्मिक एवम पर्यटकिय क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ ।
- पाटन नगरपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुका साथै पर्यटकीय दृष्टीकोणबाट महत्वपूर्ण रहेको घनघश्याको उकालोलाई समेत व्यापक रुपमा चिनाउन आवश्यक पहल गरिनेछ ।
- पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रको अवलोकन गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

च) खानेपानी तथा सरसफाईः

- प्रत्येक नगरवासीलाई शुद्ध खानेपानीमा पहुँच दिलाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै दलित, गरिव तथा विपन्न विपन्न परिवारलाई विषेश प्राथमिकता दिइनेछ ।
- नगर तथा वडा स्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

नगर प्रमुख

- Wash Plan अनुसार खानेपानीको मर्मत, सम्भार, मुहानको संरक्षण र नयाँ निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका भित्रका होटल तथा नास्ता पसलहरुमा गुणस्तरीय तथा शुद्ध खानेपानीका लागि अनिवार्य स्वयं होटल धनीले फिल्टर वा उमालेको पानी राख्नु पर्ने नीति लाई प्रभावकारी ढंगले लागू गरिनेछ ।
- खानेपानीका मुहानहरु परिक्षण गर्ने कार्य अघि बढाइनेछ ।

३. पूर्वाधार विकास तर्फः

क) सडक, पुल तथा भवन

- पालिका सदमरमुकाम देखी वडा केन्द्र सम्म सहजरुपमा चल्न सक्ने सडकहरु निर्माण तथा मर्मत सम्भार कार्य लाई निरन्तरता दिईने छ ।
- प्रशासकीय भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सुविधा सम्पन्न प्रशासकीय भवनहरु निर्माण गर्न पहल गरिनेछ ।
- नगर क्षेत्र भित्रका निर्माणाधीन सडक पुलहरु आगामि ५ बर्ष भित्र निर्माण सम्पन्न गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ । साथै नगर भित्र आवश्यक पर्ने स्थानमा झोलुंगे पुल, आरसिसि बाटा तथा पुलहरु निर्माणका लागि पहल गरिनेछ ।
- यस नगरपालिकामा विद्युत विस्तार गर्न बाँकी रहेका क्षेत्रमा विद्युतीकरण गर्न पहल गरिनेछ । साथै वैकल्पिक उर्जा प्रवर्द्धन गर्न सौर्य बत्ती कार्यक्रम लागू गरिनेछ ।
- पाटन नयाँ सहर आयोजनाको Land Pooling कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिने छ ।
- पाटन नगरपालिका भित्र रहेका बृहत खानेपानी र अन्य खानेपानी योजनाहरुलाई छिटो छरितो रुपमा निर्माण कार्य सम्पन्न गर्न लगाई उपभोक्ताहरु लाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईने छ ।
- मध्य पहाडी लोकमार्गको नयाँ सहरको रुपमा रहेको पाटन नगरपालिकालाई नमुना शहरको रुपमा विकास गर्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी ढङ्ग बाट लागू गर्न पहल गरिने छ।
- हाल सञ्चालनमा रहेका क्रमागत, अधुरा एवं दायित्व सृजना भएका योजनाहरुलाई समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिने छ ।
- उपभोक्ता समितिहरुसँग आयोजना सम्झौता गर्न र भुक्तानी प्रक्रियालाई सहज बनाउन वडास्तरमा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

ख) भवन तथा शहरी विकासः

- भवन मापदण्ड कार्यान्वयन गरी स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ।
- पाटन बजारमा अव्यवस्थित रुपमा रहेका खोका छाप्रा लाई व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।
- निजी घर तथा सरकारी भवन निर्माण गर्दा अनिवार्य रुपमा तोकिएको मापदण्ड अनुसार नक्सापास गरी निर्माण गर्नुपर्ने कानुनी प्रावधानलाई कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्रमा बहुउद्देश्यीय व्यापारिक कम्प्लेक्स निर्माण गर्न दातृ निकाय, विकास साझेदार, संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

ग) योजना, अनुगमन तथा मुल्यांकनः

- योजना तथा कार्यक्रमको अनुगमन, मुल्यांकन कार्यलाई थप प्रभावकारी एवं पारदर्शी बनाईनेछ।
- योजना कार्यान्वयनमा उपभोक्ता समितिको तर्फबाट जनश्रमदान बापत १० प्रतिशत रकम व्यहोर्नु पर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउन पहल गरिने छ ।
- उपभोक्ता समितिबाट निर्माण गरिने योजनाहरुमा प्राविधिकको प्रतिवेदनका आधारमा वाहेक मेसिनहरुको प्रयोग गरिने कार्यलाई निरुत्साहित गरिनेछ ।
- योजनाहरुको गुणस्तरीयता कायम गर्न ल्याब टेस्ट गरिने कार्यको थालनी गर्न पहल गरिने छ।
- समयसारिणी सहितको कार्ययोजना तयार गरी वार्षिक कार्यक्रम तथा आयोजना कार्यान्वयलाई तीव्र पारिने छ । असार महिनामा मात्र खर्च हुने परिपाटीलाई क्रमशः अन्त्य गर्दै लगिनेछ ।
- आयोजनाको अनुगमनलाई सघन बनाई आयोजनाको गुणस्तर सुनिश्चित गरिनेछ ।
- काममा हेलचक्र्याई गर्ने र समयमा गुणस्तरिय निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई कानुन बमोजिम कडा कारवाही गरिने छ ।
- आयोजना छनोट र कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने कार्यलाई सशक्त बनाइने छ ।
- टुक्रे र वितरणमुखी आयोजना छनोट कार्यलाई निरुत्साहित गर्दै पालिकास्तरीय गौरवका आयोजना छनोट गरी कार्यान्वयन गर्ने कार्यको शुरुवात गरिनेछ ।
- संघ र प्रदेश सरकारका आयोजनासँग दोहोरोपना नहुने गरी आयोजना छनोट र सञ्चालन गरिने छ ।
- नेपाल विद्युत प्राधिकरण संग समन्वय गरि नगरपालिका भित्र रहेका बजार क्षेत्रहरुमा सडक बत्ति जडान गर्न पहल गरिनेछ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

४. वन वातावरण तथा विपद व्यवस्थापनः

- बाढी, पहिरो र भू-क्षय नियन्त्रण एव आइपर्ने जोखिम न्यूनिकरणका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिकाको स्थानीय बिपद तथा जलवायु उत्थानशील योजना तयांर भईसकेकोले सोही अनुसार विपद न्यूनीकरणका कार्यक्रम निर्माण गरिनुका साथै मानविय तथा प्राकृतिक विपदमा परेका व्यक्ति तथा परिवारलाई पुनःस्थापित गर्न विपद व्यवस्थापन कोषका लागि आवश्यक बजेट विनियोजन गरि कोषलाई निरन्तरता दिईनेछ।
- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ ।
- सबै किसिमका वनहरुमा बढ्दो डढेलो तथा आगलागी लाई रोकथाम एंव नियन्त्रण गर्न वन कार्यालय र वन उपभोक्ता समितिहरु संग समन्वय गरि आवश्यक जनचेतना कार्यक्रम लागु गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि आवश्यक कानुनको निर्माण गरि फोहरमैलाको किसिम अनुसार तोकिएको स्थानमा बिसर्जन गर्ने व्यवस्था मिलाईने छ ।
- वन अतिक्रमणलाई नियन्त्रण गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- वन उपभोक्ता समितीहरुले वार्षिक आम्दानीको १०% रकम नगरपालिकालाई बुझाउनु पर्ने कानुनी प्रावधानलाई कडाईका साथ कार्यान्वयमा ल्याइनेछ ।
- खाली स्थानमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

५) संस्थागत विकास सेवा प्रवाह र सुशासनः

- सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय तथा प्रभावकारी रुपमा संचालन गर्न नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकास/तालिमको व्यवस्था गरिने छ ।
- नगरपालिका भित्र सेवाग्राहिहरुलाई सहजताका लागि पालिकामा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरि सबै वडा तथा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र र नागरिक सहायता कक्ष (हेल्पडेस्क)लाई थप प्रभावकारी बनाईनेछ ।
- यस नगरपालिकामा ~~स्थायी~~, अस्थायी र करारका कर्मचारीको कामको आधारमा मूल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ । कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईने छ ।

नगर प्रमुख

- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।
- मित्रराष्ट्र भारतमा जाने पाटन नगरपालिकाबासी कामदारहरुको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितिका काम कारवाहीलाई थप प्रभावकारी बनाउन कानुनी परामर्श सेवालाई निरन्तरता दिईनेछ ।
- सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरि छिटो छरितो र निष्पक्ष न्याय निरुपण गरिने छ ।
- वडा भित्रका विवादहरु मेलमिलापकर्तावाट नै निरुपण गर्ने व्यवस्था गरिने छ ।
- पालिका तथा वडा स्तरिय मेलमिलाप केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिने छ ।
- लक्षित वर्गको कार्यक्रमका लागि सरकारी तथा गैरसरकारी संस्था सँग समन्वय गरिनेछ ।
- कर्मचारी कल्याण कोष लाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितीको क्षमता विकासको लागी आवश्यक कार्यक्रम तय गरिनेछ ।
- राज्यको मुलधारमा नरहेका पछाडि परेका/पारिएका गरिब दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- भ्रस्टाचार निर्मुल गर्न शुन्य सहनशिलता अपनाईने छ ।
- टेलिफोनको टावरहरु निर्माण गर्न पहल गर्ने ।
- विद्युतिय चुलो प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा एकीकृत घुम्ती शिविर संचालन गरि आवश्यक सेवा प्रवाह गरिनेछ ।
- नगरपालिकाले सम्पादन गरेका कार्यक्रमहरुको प्रत्येक चौमासिक अवधिमा सार्वजानिक सुनुवाई अनिवार्य रुपमा गरिने व्यवस्था मिलाईने छ ।
- पाटन नगरपालिकाको नगर प्रोफाईल निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पाटन नगरपालिका बाट कार्यान्वयन गरिने बिकास निर्माणमा केहि निर्माण व्यवसायीहरुले ठेक्का प्राप्त गरि समयमै गुणस्तरीय काम नगरी योजना अलपत्र पारेको कारण पालिकालाई बर्षेनी आर्थिक भार हुदै गरेकोले आगामी आ.व.२०८१/०८२ बाट पालिकामा संचालित निर्माण कार्य संतोष ढङ्गले कार्यसम्पन्न नगर्दा सम्म अर्को ठेक्का बिड गर्न तथा पालिकालाई थप दायित्व सिर्जना हुन गई व्यहोर्नु पर्ने आर्थिक भारको व्यवस्थापन गर्न आवश्यक मापदण्ड र कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

## ६. सूचना तथा संचार प्रविधि

- स्थानीय सामुदायिक एफ.एम. तथा अनलाईन मिडियाहरु बाट जनचेतना मूलक कार्यक्रमहरु आवश्यकताको आधारमा प्रसारण गरी नागरिकलाई जानकारी गराईनेछ ।
- नगरसभाबाट स्वीकृत ऐन, कार्यविधि, निति, तथा निर्णयहरु वेव साइट मार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिईने छ ।
- सबै वडामा तिव्र गतिको ईन्टरनेट सेवा र विभिन्न सफ्टवेयर प्रयोग गरी कार्यालयको सेवालाई प्रत्येक वडामा विस्तार गरी वडा तथा नगरपालिकाबाट दिईने सेवा लाई छिटो छरितो ढंगले प्रदान गरी नगर कार्यपालिकालाई सूचना प्रविधिमैत्री बनाउनका लागि थप कार्यक्रममा जोड दिईनेछ ।
- नगरपालिका भित्र रहेका थप संवेदनशिल सार्वजनिक स्थानहरुको पहिचान गरि सि.सि.टि.भि. क्यामरा र सडक बत्ति जडान गर्न जोड दिइनेछ ।
- नगर क्षेत्र भित्र रहेका सम्पूर्ण वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा ई-हाजिरी जडान गर्न जोड दिइनेछ ।

## ७. राजस्व तथा आन्तरिक आयः

- राजस्व सुधार योजनालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका संभाव्य क्षेत्रहरुको खोजी गरिनेछ ।
- करको दर भन्दा दायरालाई फराकिलो बनाईने छ ।
- अनुगमनलाई सघन बनाई राजश्व चुहावट नियन्त्रण गरिनेछ ।
- राजस्व संकलन कार्यलाई व्यवस्थित, पारिदर्शी गर्न सुत्र प्रणालीबाट राजस्व संकलन गर्ने कार्यको थालनी गरिने छ ।
- घरजग्गा करलाई थप व्यवस्थित बनाउदै एकिकृत सम्पत्ति कर लागू गर्न आवश्यक पहल गरिने छ ।
- समयमै र सबैभन्दा धेरै कर दाखिला गर्ने करदाताको पहिचान गरी उत्कृष्ट करदाता घोषणा गरी सम्मान गरिनेछ ।
- सबै भन्दा बढी कर संकलन गरि समय भित्रै नगरपालिकामा दाखिला गर्ने वडा कार्यालयलाई सम्मान गरिनेछ ।
- घरजग्गा बहालकर कार्यान्वयन गर्न पहल गरिनेछ ।
- एकिकृत कर प्रणाली लागु गरिनेछ ।

नगर प्रमुख

८. आर्थिक प्रशासनः

- प्रविधिमैत्री आर्थिक प्रशासनलाई निरन्तरता दिइनेछ ।
- भुक्तानी प्रक्रियालाई छिटो छरितो एवं भरपर्दो वनाउनका लागि हाल सञ्चालनमा रहेको सुत्र प्रणालीलाई निरन्तरता दिदै ई.एफ.टी. भुक्तानीलाई अनिवार्य रुपमा कार्यान्वयन गरिने छ ।

**धन्यवाद !**

नगर प्रमुख

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१